पाल्हीनन्दन गाउँपालिका

**Palhinandan Rural Municipality**

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of Rural Municipal Executive

कुश्मा, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश नेपाल

Kushma, Nawalparasi (Ba.Su.Pa.) Lumbini Province, Nepal

पत्र संख्या

चलानी न.

मितिः २०८२/१२/०१

### कर्मचारीहरुको वैयक्तिक विवरण फाराम (सिटरोल) भर्ने सम्बन्धी सूचना ।

श्री जो जससँग सम्बन्धित छ,

यस पाल्हीनन्दन गाँउपालिका अन्तर्गतका सम्पूर्ण शाखा, उपशाखा, स्वास्थ्य संस्था, वडा कार्यालय तथा साविक निकायहरुवाट समायोजन भई आएका, यस अघि कर्मचारी संकेत नं. (सिटरोल नं.) प्राप्त नगरेका सम्बन्धित सम्पूर्ण स्थायी कर्मचारीहरुले लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा नियमावली, २०८१ को अनुसूची ४ बमोजिमको कर्मचारीहरुको वैयक्तित्त विवरण फाराम भरी तपसिल बमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपि क्रमशः रुपमा समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र प्रशासन शाखामा बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिलः-</u>

१. सिटरोल दर्ता गरिदिने विषयको कार्यालयको सिफारिस पत्र,

२. नेपाली कागजमा भरिएको सिटरोल फाराम ४ प्रति,

३. पदस्थापन पत्र र पदस्थापन भएको कार्यालयमा हाजिर भएको जानकारी पत्र,

४. नियुक्ति हुँदाको समयको हाजिर भएको जानकारी पत्र (हाजिरी प्रमाणित),

५. स्थायी नियुक्ति पत्र,

६. नेपाली नागरिकताको प्रमाणपत्र,

७. SLC/SEE देखिका शैक्षिक योग्यताका कागजात (मार्कसिट/ग्रेडसिट र चारित्रिक प्रमाणपत्र) र विदेशी शिक्षण संस्था भए समकक्षता प्रमाणपत्र,

८. सम्बन्धित व्यवसायी परिषद् (Council) दर्ता प्रमाण पत्र,

९. निरोगिताको प्रमाणपत्र,

१०. शपथ ग्रहण,

११. लोकसेवा आयोगको सिफारिस पत्र,

१२. आरक्षण कोटामा सिफारिस भएकाको हकमा सम्बन्धित सिफारिस पत्र,

१३. इच्छाएको व्यक्तिसँग नाता खुल्ने कागजात,

१४. यसअघि सङ्घीय निजामती सेवा, कुनै पनि प्रदेशको प्रदेश निजामती सेवा वा स्थानीय सेवामा रही स्थायी पदमा कार्यरत भए सोको लोकसेवा आयोगको सिफारिस पत्र, स्थायी नियुक्ति, हाजिर भएको जानकारी र रमाना पत्रको प्रमाणित प्रतिलिपि ।

पुनश्चः-

१. स्थानीय निजामती सेवा ऐन, २०८० र स्थानीय निजामती सेवा नियमावली, २०८१ राजपत्रमा प्रकाशित हुनुपूर्व सिटरोल फाराम प्रमाणित गरि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएका कर्मचारीहरुले सिटरोल फाराम पुनः भर्नुपर्ने छ।

२. सिटरोल फारामको लागि प्रशासन, योजना तथा अनुगमन शाखामा सम्पर्क गर्नुपर्नेछ ।

दिनेश कुमार गौड (कहार)

प्रमुख प्रशासकीय अधिकृत

(दिनेश कुमार गौड (कहार)

प्रमुख प्रशासकीय अधिकृत)



CamScanner